ककनी गाउँपालिका
गाँउ कार्यपालिकाको कार्यालय
# कृषि विकास शाखा
रानीपौवा, नुवाकोट ।
बागमती प्रदेश, नेपाल ।

सूचना नं. :-१

**सूचना ! सूचना ! ! सूचना ! ! !**

**प्रथम पटक प्रकाशित मिति:-२०७७।०६।१८**

यस ककनी गाउँपालिका,गाउँकार्यपालिकाको कार्यालय,कृषि विकास शाखा रानीपौवा नुवाकोटको चालु आ.व. ०७७।७८ को वार्षिक स्विकृत कार्यक्रम गर्न तपशिलमा उल्लेखित कार्यक्रम लागत साझेदारीमा संचालन गर्न यस गाउँपालिका भित्रका ईच्छुक,कृषि फर्म, कृषक, कृषक समूह तथा कृषि सहकारी ले यो सूचना प्रकाशन भएको २१ दिन भित्र तोकीएको ढाँचामा आवश्यक कागजातहरु संलग्न राखी ककनी गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय कृषि विकास शाखामा निवेदन पेश गर्नुहुन सम्बन्धीत सम्पूर्णमा जानकारीको लागी यो सार्वजानिक सूचनता प्रकाशित गरिएको छ । निवेदनको ढाँचा तथा अन्य जानकारी सम्बन्धीत वडा कार्यालय मार्फत समेत उपलब्ध हुने व्यहोरा अनुरोध छ ।

**तपशिल**

| क्र. सं. | कार्यक्रमको नाम | परिणाम | स्विकृत बजेट रु. हजारमा | कार्यलयबाट साझेदारी रकम | कैफियत |
|---|---|---|---|---|---|
| १. | प्रस्तावनामा आधारित युवा लक्षित स्वरोजगार कार्यक्रम | १० वटा | ४५० | कार्यविधि बमोजिम (५०प्रतिशत अनुदान)(प्रति युवा कृषक अधिकतम ४० हजार) | प्रस्ताव गर्दा दुई सिजनमा (एकवर्षे) तयार हुने बालीमा मात्र प्रस्ताव गर्न पाउने । साथै युवा कृषकले प्रति सिजन ५ रोपनीका दरले दुई सिजनमा खेती गर्नु पर्नेछ । |
| २. | पचास प्रतिशत अनुदानमा स्थाई टनेल निर्माण कार्यक्रम | ३३ वटा | १००० | ५० प्रतिशत अनुदान | |
| ३. | पचास प्रतिशत अनुदानमा मिनिटिलर वितरण कार्यक्रम | २४ वटा | ७०० | ५० प्रतिशत अनुदान | |
| ४. | साना कृषि यान्त्रिकरण प्रवर्द्धन कार्यक्रम (५० प्रतिशत अनुदानमा मिनिटिलरको फाली,धान गहुँ चुट्ने पाईडल थ्रेसर,स्प्रेयर ) | १ वटा | २०० | ५० प्रतिशत अनुदान | |

२०७७।६।१८
शम्भु सिलवाल
कृषि प्रसार अधिकृत

Scanned with CamScanner

| | | | | | |
|---|---|---|---|---|---|
| ५. | आधुनिक तरकारी खेती कार्यक्रम | १ वटा | १००० | आलु, तरकारी तथा मसलाबाली विकास कार्यक्रम कार्यक्रम संचालन प्रक्रिया २०७७ बमोजिम | दर्ता भई सक्रीय रहेका कृषि समूह तथा सहकारीले ३० जना सकृय सदस्य छनौटगरी प्रस्ताव पेश गर्न सक्नेछ। साथै छनौट भएका कृषकहरुले प्रति कृषक न्यूनतम ३ रोपनीमा तरकारी उत्पादन गर्नु पर्नेछ। |
| ६. | फलफुल दशक अन्तर्गत स्थानीय तहमा सुन्तलाजात (सुन्तला,कागती, जुनार) बिरुवा रोपण अभियान कार्यक्रम ( ५० प्रतिशत अनुदान) | - | २१०० | ५० प्रतिशत अनुदान | प्रती विरुवा परल मूल्यको ५० प्रतिशत रकम कृषक आफैंले बेहोर्नु पर्नेछ। |
| ६. | राष्ट्रिय र स्थानीय महत्वका खाद्य तथा पोषण सुरक्षामा टेवा पुऱ्याउने बाली वस्तुको साना व्यावसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम संचालन | २ वटा | २४०० | प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना कार्यान्वयन म्यान्युयल बमोजिम | पकेट कार्यक्रम संचालन गर्न चाहने कृषक/उद्यमी/समूह/सहकारी/समितिले भौगोलिक तथा प्राविधिक संभाव्यता कायम रहने गरी न्यूनतम खाद्यान्न बालीमा १५ हेक्टर,तरकारी बालीमा ६ हेक्टर क्षेत्रफलमा एउटै क्षेत्रभित्र चक्लाबन्दी खेती गर्ने गरी निवेदन दिनु पर्न |

**आवेदन साथ पेश गर्नुपर्ने कागजातहरु :**

१. रु.१० को टिकट टाँस गरेको निर्धारण ढाँचाको निवेदन।

२. आवेदक कृषि फर्म/कृषक समूह/कृषि सहकारीको हकमा दर्ता, नविकरण, स्थाई लेखा नं. तथा कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि।

३. आवेदक कृषि समूह तथा कृषि सहकारीको हकमा कार्यक्रम माग गर्ने निर्णयको प्रतिलिपि र जिम्मेवार व्यक्तिको नागरिकता प्रमाणपत्रको प्रतिलिपि।

४.सम्बन्धीत वडा कार्यालयको सिफारीस पत्र।

५. आवेदक कृषकको हकमा नागरिकता प्रमाणपत्रको प्रतिलिपि।

६. युवा लक्षीत कार्यक्रम प्रस्तावकको हकमा तोकिएको ढाँचामा विवरण भरिएको प्रस्तावना फाराम।

**नोट :- अन्य आवश्यक कागजको हकमा निवेदन फाराममा उल्लेख भए बमोजिम संलग्न गर्नु पर्नेछ। निवेदन फाराम कृषि शाखा वा सम्बन्धीत वडाबाट समेत उपलब्ध हुनेछ। यस आर्थिक वर्षको लागि नविकरण नभएका कृष्क समूह तथा सहकारीलाई कार्यक्रममा समावेश गरिने छैन। साथै गत आर्थिक वर्षमा संघिय,प्रादेशिक तथा स्थानिय सरकारबाट अनुदान प्राप्त गर्ने कृषकलाई सोहि प्रकृतीकै अर्को कार्यक्रममा पूनः समावेश गरिने छैन।**

<u>थप जानकारीका लागि</u>

ककनी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, कृषि विकास शाखा, रानीपौवा नुवाकोट सम्पर्क नं. ९८४१३६५७४५, ९८४२७२५९८७, ९८६२८०७१५२, ९८४९६८३५४२ मा सम्पर्क गर्नुहुन अनुरोध छ।

२०८१।६।१८

**शम्भु सिलवाल**

**कृषि प्रसार अधिकृत**

Scanned with CamScanner

ककनी गाउँपालिका
गाँउ कार्यपालिकाको कार्यालय
# कृषि विकास शाखा
रानीपौवा, नुवाकोट ।
बागमती प्रदेश, नेपाल ।

सूचना नं. :-२

## सूचना ! सूचना !! सूचना !!!

**प्रथम पटक प्रकाशित मिति:-२०७७।०६।१८**

यस ककनी गाउँपालिका,गाउँकार्यपालिकाको कार्यालय,कृषि विकास शाखा रानीपौवा नुवाकोटको चालु आ.व. ०७७।७८ को वार्षिक स्विकृत कार्यक्रम अन्तर्गत **वडा नं. १ (एक)** का लागी विनियोजित बजेट अनुसार **वडा नं. १ मा ५० प्रतिशत अनुदानमा आलुको बिउ वितरण** कार्यक्रम संचालन गर्न **वडा नं.१** भित्रका ईच्छुक,कृषि फर्म, कृषक, कृषक समूह तथा कृषि सहकारी ले यो सूचना प्रकाशन भएको ७ दिन भित्र ५० प्रतिशत रकम **(प्रति के.जि.रु.५०(पचास))** सहित नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि संलग्न राखी ककनी गाउँपालिका,कृषि विकास शाखा तथा वडा नं. १ को वडा कार्यालयमा निवेदन पेश गर्नुहुन सम्बन्धीत सम्पूर्णमा जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ ।

**आवेदन साथ पेश गर्नुपर्ने कागजातहरु :**

१. आफुलाई आवश्यक आलुको बिउ परिमाण र सम्पर्क नं. प्रस्ट उल्लेख गरीएको निवेदन ।
२. आवेदक कृषकको हकमा नागरिकता प्रमाणपत्रको प्रतिलिपि ।
४.आवेदक कृषि समूह तथा कृषि सहकारीको हकमा आलुको बिउ वितरण कार्यक्रम माग गर्ने निर्णयको प्रतिलिपि र जिम्मेवार व्यक्तिको नागरिकता प्रमाणपत्रको प्रतिलिपि ।

**नोट :- माथि सूचनामा उल्लेख गरिएको आलुको बिउको प्रति के.जि.५० प्रतिशत रकम अनुमानित अधिकतम रहन गएकोले खरिद मूल्यभन्दा तोकीएको मूल्य बढीभएको खण्डमा उक्त रकम पून: कृषकलाई फिर्ता गरिने व्यहोरा जानकारीका लागि अनुरोध छ ।साथै यस आर्थिक वर्षको लागि नविकरण नभएका कृष्क समूह तथा सहकारीलाई कार्यक्रममा समावेश गरिने छैन ।**

**थप जानकारीका लागि**

ककनी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, कृषि विकास शाखा, रानीपौवा नुवाकोट सम्पर्क नं. ९८४१३६५७४५, ९८४२७२५९८७, ९८६२८०७१५२, ९८४९६८३५४२ मा सम्पर्क गर्नुहुन अनुरोध छ ।

२०७७।६।१८
शम्भु सिलवाल
कृषि प्रसार अधिकृत

Scanned with CamScanner

**ककनी गाउँपालिका कृषि बिकाश शाखा अन्तर्गतको बिभिन्न कार्यक्रममा सहभागीताका लागि माग फाराम**

श्रीमान् शाखा प्रमुख ज्यू
कृषि विकास शाखा
ककनी गाउँपालिका
रानीपौवा, नुवाकोट

१) कार्यक्रम माग गर्ने कृषि सहकारी / कृषक समुह / निजि फर्म वा ब्यवसायी कृषक : -
२) सस्थाको अध्यक्ष (अख्तियार ब्यक्ति) / प्रोप्राइटर :-
३) सस्थाको ठेगाना :-

| क्र.स. | कार्यक्रम | संचालन हुने प्रस्तावित क्रियाकलाप | इकाई | परिमाण | स्पेसिफिकेसन खुलाउने | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | पचास प्रतिशत अनुदानमा स्थाई टनेल निर्माण कार्याक्रम | स्थाई प्लास्टिक टनेल | संख्या | | | |
| २ | पचास प्रतिशत अनुदानमा मिनीटिलर वितरण कार्यक्रम | मिनीटिलर | संख्या | | | |
| ३ | फलफूलको दशक अन्तर्गत स्थानीय तहमा सुन्तलाजात ( सुन्तला, कागती, जुनार ) बिरुवा रोपण अभियान कार्याक्रम ( ५०% अनुदानमा ) | सुन्तला, कागती र जुनार | संख्या | | | |
| ४ | साना कृषि यान्त्रीकर्ण प्रबर्द्धन कार्याक्रम (५०% अनुदानमा मिनीटिलरको फाली , धान गहु चुटने पाइडल थ्रेसर, स्प्रेयर) | मिनीटिलरको फाली , धान गहु चुटने पाइडल थ्रेसर, स्प्रेयर | संख्या | | | |

यस आर्थिक बर्ष(२०७७/७८) मा नेपाल सरकारबाट प्राप्त हुने यसै प्रकृतिको अन्य कुनै अनुदानको कार्यक्रममा सहभागी नभएको साथै नहुने सो घोसणा गर्दछु । सहभागी भएको खण्डमा प्रचलित कानुन बमोजिम कारबाही भोग्न तयार रहेको जानकारी गराउदछु ।

**निवेदक**

नाम :- सम्पर्क न :-

ठेगाना :- छाप र दस्तखत :-

Scanned with CamScanner

ककनी गाँउपालीका
गाँउ कार्यपालिकाको कार्यालय

# कृषि विकास शाखा

रानीपौवा, नुवाकोट ।
बागमती प्रदेश, नेपाल ।

सूचना नं. :-५

---

## सूचना ! सूचना ! ! सूचना ! ! !

**प्रथम पटक प्रकाशित मिति:-२०७७।०६।१८**

यस ककनी गाउँपालिका,गाउँकार्यपालिकाको कार्यालय,कृषि विकास शाखा रानीपौवा नुवाकोटको चालु आ.व. ०७७।७८ को वार्षिक स्विकृत कार्यक्रम अन्तर्गत **वडा नं. २ (दुई)** का लागी विनियोजित बजेट अनुसार **वडा नं. २ मा गहुँ बिज बृद्धि कार्यक्रम (५० प्रतिशत अनुदानमा WK-1204 जातको गहुँको मूल बिउ वितरण** कार्यक्रम संचालन गर्न **वडा नं. २ भित्रका** ईच्छुक कृषक समूह तथा कृषि सहकारीले यो सूचना प्रकाशन भएको **७ (सात) दिन** भित्र ५० प्रतिशत रकम (प्रति के.जि.रु.४०) सहित तपशिलमा उल्लेखित कागजात संलग्न राखी ककनी गाउँपालिका, कृषि विकास शाखा तथा वडा नं. २ को वडा कार्यालयमा निवेदन पेश गर्नुहुन सम्बन्धीत सम्पूर्णमा जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ ।

**आवेदन साथ पेश गर्नुपर्ने कागजातहरु :**

१. आवेदक कृषि समूह तथा कृषि सहकारीले WK-1204 जातको गहुँको मूल बिउ वितरण कार्यक्रम माग गर्ने निर्णयको प्रतिलिपि र जिम्मेवार व्यक्तिको नागरिकता प्रमाणपत्रको प्रतिलिपि ।
२. समूह तथा सहकारी दर्ता प्रमाणपत्र,नविकरण प्रमाणपत्र,स्थाई लेखा नं.को प्रमाणपत्र,लेखा परिक्षण प्रतिवेदनको प्रमाणपत्र सहित आवश्यक बिउको परिमाणमा प्रस्ट खुल्ने निवेदन ।

**नोट :- माथि सूचनामा उल्लेख गरिएको WK-1204 जातको गहुँको मूल बिउ प्रति के.जि. परल मूल्यको ५० प्रतिशत रकम अनुमानित अधिकतम रहन गएकोले खरिद मूल्यभन्दा तोकीएको मूल्य बढी भएको खण्डमा उक्त रकम पून: कृषकलाई फिर्ता गरिने व्यहोरा जानकारीका लागि अनुरोध छ । यस आर्थिक वर्षको लागि नविकरण नभएका कृष्क समूह तथा सहकारीलाई कार्यक्रममा समावेश गरिने छैन । साथै बिज बृद्धि कार्यक्रम संचालन गर्न सो कार्यक्रममा सहभागी कृषकहरुले एकै क्षेत्रभित्र/चक्लाबन्दी उत्पादन गर्नु पर्नेछ ।**

**<u>थप जानकारीका लागि</u>**

ककनी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, कृषि विकास शाखा, रानीपौवा नुवाकोट सम्पर्क नं. ९८४१३६५७४५, ९८४२७२५९८७, ९८६२८०७१५२, ९८४९६८३५४२ मा सम्पर्क गर्नुहुन अनुरोध छ ।

२०७७।६।१८

शम्भु सिलवाल
कृषि प्रसार अधिकृत

Scanned with CamScanner